
# लेखापरीक्षण प्रतिवेदन

# आदर्श कोटवाल गाउँपालिका, बारा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# आदर्श कोटवाल गाउँपालिका, बारा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/359

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
आदर्श कोटवाल गाँउपालिका,गाँउकार्यपालिकाको कार्यालय,
बारा ।

**कैफियतसहितको राय।**

हामीले आदर्श कोटवाल गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१० करोड ३९ लाख ५९ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ४ लाख १५ हजार समेत गरी रु.१० करोड ४३ लाख ७४ हजार समावेश गरेको छैन।

२. गाँउपालिकाको लागि संघीय सरकारबाट अनुदान रू.१७ करोड ४५ लाख३८ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.५ करोड ५७ लाख१० हजार बचत रहेको छ । उक्त रकम आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

३. गाँउपालिकाको रु. ६४ करोड ६७ लाख ५२ हजार लेखापरीक्षण गरिएकोमा रू.४ करोड ५१ लाख ३७ हजार बेरुजू देखिएको छ।पालिकाबाट प्रारंभिक प्रतिवेदनउपर प्रतिक्रिया प्राप्त भएको छैन।यस वर्षको असुल गर्नुपर्ने रू. १० लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८६ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु.३८ लाख ८३ हजार र पेस्की बाँकी रु. १ करोड १५ लाख ८३ हजार समेत रु.४ करोड ५१ लाख ३७ हजार बेरुजु कायम भएको छ। गत वर्षसम्म रु.१५ करोड ५८ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फर्स्यौट एवं यस वर्ष कायम बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २० करोड १० लाख ९ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

४. गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका,गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ईन्द्र प्रसाद आचार्य)

नायब महालेखापरीक्षक

**चालु वर्षको बेरुजु**

**बेरुजु वर्गीकरण**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | ७२ | ४,५१,३६,७६० | ० | ० | ० | ० | ५२ | ७२ | ४,५१,३६,७६० | १०,१४,१४८ | ३८,८२,९९५ | २,८६,५६,७१६ | ० | ० | ३,२५,३९,७१२ | १,१५,८२,९०१ |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारा | १५,५८,७२,००० | ० | ० | १५,५८,७२,००० | ० | ४५१,३६,७६० | २०,१०,०८,७६० |

# (८०२२१५०१३०० - आदर्श कोटवाल गाउँपालिका, बारा )

# परिचय

१ **प्रारम्भिक खण्ड**

**(क) पालिकाको परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यसको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ३६.२५ वर्ग किलोमिटर तथा ३१३६४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।९।२ देखि २०८१ ।९।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-**

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७८९३६९६४ | ० | ७८९३६९६४ | ८२९१७९१९ | ० | ८२९१७ |
| १३००० | अनुदान | | २१७७०३८५५ | ० | २१७७०३८५५ | ३१७३५०००० | ० | ३१७३५० |
| १४००० | अन्य राजस्व | | ८७७६३८ | ० | ८७७६३८ | ४८८७८२ | ० | ४८८ |
| क | कुल जम्मा प्राप्ति | | २९७५१८४५६ | | २९७५१८४५६ | ४००७५६७०१ | | ४००७५६ |
| ३ | चालु | | २३६९९७८६८ | ० | २३६९९७८६८ | २३२८८५२५१ | ० | २३२८८५ |
| २१००० | पारिश्रमिक / सुविधा | | ८९८७४७९३ | ० | ८९८७४७९३ | ९०७२८७९६ | ० | ९०७२८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८३३९६०३९ | ० | ८३३९६०३९ | ८९१३३५६२ | ० | ८९१३३ |
| २५००० | सहायता (Subsidy) | | १२७२००० | ० | १२७२००० | ५००००० | ० | ५०० |
| २७००० | सामाजिक सुरक्षा | | ४६४५०१५ | ० | ४६४५०१५ | ४७८२७०२ | ० | ४७८२ |
| २८००० | अन्य खर्च | | ५७८१००२० | ० | ५७८१००२० | ४७७४०१९१ | ० | ४७७४० |
| ४ | पूंजीगत | | १११३३३५७६ | ० | १११३३३५७६ | १५४६९७६४५ | ० | १५४६९७ |
| ३१११० | भवन तथा संरचना | | २६९४०४८९ | ० | २६९४०४८९ | १४६९३०७६ | ० | १४६९३ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३२२९८४५ | ० | ३२२९८४५ | ८६७७१५८ | ० | ८६७७ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ६६०००० | ० | ६६०००० | ० | ० | |
| ३११५० | सार्वजनिक निर्माण | | ७९४४६९१३ | ० | ७९४४६९१३ | १३१३२७४११ | ० | १३१३२७ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १०५६३२९ | ० | १०५६३२९ | ० | ० | |
| ख) | कुल जम्मा भुक्तानी | | ३४८३३१४४४ | | ३४८३३१४४४ | ३८७५८२८९६ | | ३८७५८२ |
| ग) | बचत / कमी (ग = क-ख ) | | (५०८१२९८७) | | (५०८१२९८७) | १३१७३८०४ | | १३१७३ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको | | ८३८८४६ | | ८३८८४६ | -५५६३०५७ | | -५५६३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मौज्दातको थप/ घट (+/ -) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | (४९९७४१४१) | | (४९९७४१४१) | ७६१०७४८ | | ७६१० |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ९९६१०४०१ | | ९९६१०४०१ | ९२२३७५४९ | | ९२२३७ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४९६३६२६० | | ४९६३६२६० | ९९८४८२९६ | | ९९८४८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नाअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्नानुसार कार्यक्रमको जम्मा रु. १०४३७३५१० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.स | कार्यक्रम | रकम |
|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | १०३९५८५०९.७५ |
| २ | गरिबसँग विशेश्वर कार्यक्रम | ४१५००० |
| | जम्मा | १०४३७३५१० |

२.२ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस गत वर्षको जिम्मेवारीमा रु.७९३६८५९, यस वर्षको प्राप्तिमा रु . ६३१६९१७० यसवर्षको भुक्तानीमा ५५७१०१४३ र बैङ्क मौज्दात रु.४७७८३३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ९९६१०४०१ | २९८३८९१५३ | ३४८३६३२९५ | ४९६३६२६० |
| एकीकृत आर्थिक विवरणअनुसार | ९१६७३५४२ | ३६१५५८३२३ | ४०४०७३४३८ | ४९१५८४२७ |
| फरक | ७९३६८५९ | ६३१६९१७० | ५५७१०१४३ | ४७७८३३ |

२.३ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

| बैंक तथा नगद मौज्दात | | | | |
|---|---|---|---|---|
| | खाताकोप्रकार / बैंकको नाम (खाता नं) | खाताअनुसार बाकी रु | बैंकअनुसार बाकी रु | फरक |
| ग२.७ | ग २.७ -विविध खर्च खाता / सिद्धार्थ बैंक लि., ००२१५७१०४३३ | ७४३७३७ | ३५२४६२ | -३९१२७५ |
| ग३.१ | ग ३.१ -स्थानीय तह धरौटी खाता / सिद्धार्थ बैंक लि., ००२१५४३५२९९ | ८०३१९६८ | ८०३१९६८ | ० |
| ग४.१ | ग ४.१ -स्थानीय तह सञ्चित कोष खाता / सिद्धार्थ बैंक लि., ००२१५४३५२४१ | ४०८६०५५६ | ४०८६०५५६ | ० |
| ग१.१ | आन्तरिकराजस्व खाता | २३७८९५ | ७४५५५९ | ५०७६६४ |
| ग१.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | ० | ० |
| ग१.३ | आन्तरिकअनुदान खाता | ० | ० | ० |
| ग२.१ | चालू खर्चखाता- विजोर वर्ष | ० | १८५४४७ | १८५४४७ |
| ग२.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | ८०४५७ | ८०४५७ |
| ग२.७ | विविध खर्चखाता | ० | ० | ० |
| ग७.२ | स्थानीय तहप्रकोप व्यवस्थापन कोष खाता | ० | ० | ० |
| | कल्याणकारीकोष | ० | २५६५३४ | २५६५३४ |
| | | ४९८७४१५५ | ५०५१२९८३ | ६३८८२८ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको म.ले.प.फा.नं. २७० अनुसार गत वर्षको बाँकी मौज्दात रु. ९,९८,४८,२९६.४८ रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ९,९६,१०,४०१.४८ मात्रै जिम्मेवारी सारेको देखिन्छ । गत वर्षको बाँकी मौज्दात भन्दा यस वर्ष रु. २३७८९५ एकिन गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,३७,८९५ |
|---|---|

२.५ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको आ.व ०७९/८० को दायित्व भुक्तानी शीर्षकमा ४६५२०१० भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री रौसन परविनले मिति २०८०।०३।१० गते रु. ५२ करोड ८ लाख १९ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०७।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

३.३ **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम उपपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा यस पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.४ **लक्ष्य प्रगति :** पालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा आफूले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्न तर्फ ध्यान दिनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत भन्दा माथि |
| **कार्यक्रम संख्या** | ११८ | २८ | ३ | २ | २ | ८३ |
| **पालिका** | ६७ | १८ | ३ | २ | २ | ४२ |
| **वडागत** | ५१ | १० | ० | ० | ० | ४१ |

३.५ **योजनाकोप्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल ४४७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६७ | ८ | ४२ | १७ |
| २. | वडास्तरीय | ५१ | ० | ३२ | १९ |
| | जम्मा | ११८ | ८ | ७४ | ३६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९० योजना मात्र कार्यान्वियन भई २८ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३.६ **अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विभिन्न शीर्षकमा एकमुष्ट रु.७०००००० अबण्डा बजेट व्यवस्था गरी रु. ४६४७७०४खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.स | कार्यक्रम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | विविध खर्च | ३०००००० . | ३०००००० . |
| २ | मैचिङ्ग फण्ड । | ४०००००० . | १६४७७०४. |
| | जम्मा | ७०००००० . | ४६४७७०४. |

३.७ **मध्यकालिन संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा

आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

## ४ आय र व्यय बिश्लेषण

४.१ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय(गत वर्षको अल्या सहित) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २१,०६,१८,८५५.२६ | ४३,००,९२५.५३ | २.०४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २ प्रतिशत मात्र रहेको छ। त्यसैले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ

४.२ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तरिक आय रु.४३ लाख ९२५, राजस्व बाँडफाँड रु.७ करोड ५५ लाख १३ हजार ६७५ र अनुदानबाट रु.२१ करोड ७७ लाख ३ हजार ८५५ समेत रु. २९ करोड ७५ लाख १८ हजार ४५६ आम्दानी भएकोमा चालुतर्फ रु.२३ करोड ६९ लाख ९७ हजार ८६७ र पूँजिगततर्फ रु.११ करोड १३ लाख ३३ हजार ५७६ गरी जम्मा रु.३४ करोड ८३ लाख ३१ हजार ४४३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु तर्फ ६८ प्रतिशत र पूँजिगत तर्फ ३२ प्रतिशत मात्र खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४.३ **क्षेत्रगत बजेट तथा खर्च :** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | खर्चको तुलनामा |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२५८८००० | ८७७७७१० | ६९.७३ | २.५२ |
| २ | सामाजिक विकास | १९७७९२४५६ | १४२८७३६६१ | ७२.२३ | ४१.०२ |
| ३ | पूर्वाधार विकास | १११८४७८५० | ४८०४३३८७ | ४२.९५ | १३.७९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२००००० | ९५४५४० | ७९.५५ | ०.२७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १९४९७४२२२ | १४७६८२१४६ | ७५.७३ | ४२.४० |
| कुल जम्मा | | ५१८४०२५२८ | ३४८३३१४४४ | ६७.१९ | १००.०० |

४.४ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत | १११३३३५७६. | ०. | ९३९८४५३. | ११११८४६४. | ९०८१६६५९. | ६७५८८३३३. |
| | **प्रतिशत** | १००. | ०. | ८.४४ | ९.९९ | ८१.५७ | ६०.७१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १११३३३५७६. खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ०, दोश्रो त्रैमासिकमा रु. ९३९८४५३अर्थात. **८.४४** प्रतिशत र तेश्रो त्रैमासिकमा रु. ११११८४६४. र चौथो त्रैमासिकमा रु ९०८१६६५९ अर्थात. **८१.५७** प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६७५८८३३३. अर्थात ६०.७१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

## ५ आन्तरिक नियन्त्रण प्रणाली

५.१ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकामा आन्तरिक लेखापरीक्षण शाखा नरहेको र यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५.२ **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रमको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाई मात्र श्रेस्तासाथ राख्ने गरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- खरिद भएको औषधि तथा जिन्सी मालसामानको माग फारम, खरिद आदेश, जिन्सी दाखिला समेत राखेको छैन भने Manual दाखिला गरेको कतिपय प्रतिवेदनमा समेत जिन्सी दाखिला नं र जिन्सी खाता पाना नं आदि छैन,

- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायतका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा अधिकांशमा कार्यपत्र समावेश छैन भने विभिन्न् कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत पेश भएको छैन ।
- बैठक भत्ता बापत भुक्तानी भएकोमा नियमित कार्य प्रकृतिका लागि समेत बैठक बसेको भनी भुक्तानी गरेको छ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघु उद्यम विकास सम्बन्धी सामाग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६ कानुन निर्माण र न्याय सम्पादनको स्थिति

६.१ **कानून कार्यान्वयन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, १५ कार्यविधि, ८ मापदण्ड ८ गरी ३६ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ र १९ वटा कानुन राजपत्रमा प्रकाशन भएका छन् ।

६.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष ५४ वटा बाँकी रहेकोमा यस वर्ष दर्ता भएको ७४ गरी जम्मा १२८ वटा रहेकोमा यस वर्ष १२ बाँकी रहेकोमा ११६ बाँकी देखिन्छ । सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७ धरौटी

आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६ को उपनियम २(१) बमोजिम धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भए सोही अवधि भित्र, म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो सम्बन्धी कारोबार अन्तिम रुपले समाप्त भएको मितिले एक बर्ष भित्र धरौटी फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद साथ निवेदन दिनुपर्ने ब्यवस्था छ।साथै उक्त नियमको उपनियम ३ (२) मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधी अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बाँध्नु पर्ने ब्यवस्था छ । यस पालिकाको आ.व. २०७९।८० को अ. ल्या रु. ७१,९३,१२२.०० र यस आ.व मा ८,७०,६९७.०० गरी जम्मा रु ८०,६३,८१९.००, रहेको छ । आ.व २०८०/८१ मा धरौटी फिर्ता रु. ३१,८५१.०० भएको र सदरस्याहा नभएको र बाँकी ८०,३१,९६८.०० रहेको देखिन्छ । पालिकाले फिर्ता गर्नुपर्ने म्याद सकिएको र धरौटी जफत गर्नुपर्ने रकम यकिन गरी प्रचलित कानून बमोजिम प्रकृया पुर्‍याई सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

९ **विवरण नपठाएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम , आन्तरिक आय , ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोलेनिका मा पठाएको देखिएन ।

१० **पदाधिकारी सुविधा**

मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। तर पालिकाले आन्तरिक स्रोतबाट पदाधिकारी सुविधा शीर्षकमा एकमुष्ट रु.९० लाख विनियोजन गरेकोमा ९० लाख खर्च भएको छ जस्मा रु. ६४ लाख ६३ हजार ८०० निम्नानुसार शीर्षक अन्तर्गत खर्च गरेको छ । जुन यस वर्षको आन्तरिक आम्दानी को २०९प्रतिशत हुन्छ ।उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभा सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २१००० | २१००० | १६८००० | १२६००० | ५८८००० | ९२४००० |
| २ | यातायात खर्च | ० | १७४००० | ९६०००० | ५७६००० | १००८००० | २७१८०० |
| ३ | टेलिफोन,मोबाइल | ६०००० | ३६००० | २४०००० | १४४००० | ६७२००० | ११५२००० |
| ४ | पुस्तक,पत्रिका,ईन्टरनेट | ४८००० | ३६००० | २८८००० | २१६००० | ६७२००० | १२६०००० |
| ५ | समन्वय तथा सहजीकरण | ० | ० | ० | ० | ० | ० |
| ६ | अतिथि सत्कार | १८०००० | १२०००० | ७२०००० | ५०४००० | ६७२००० | २१९६००० |
| ७ | खानेपानी/बिजुलि/सरसफाई | ० | ० | ० | ० | ० | ० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १२०००० | ९०००० | ४२०००० | ६६०००० |
| | जम्मा | ३२४००० | ४०२००० | २४९६००० | २०००००० | ४०३२००० | ६४६३८०० |

## ११ सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण देहाय बमोजिम रहेको जनाएको छ :

| सैवा प्रवाहको स्थिति | |
|---|---|
| विवरण | सिफारिस भएको संख्या |
| **स्वीकृत घरनक्सा दर्ता पास** | ७ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १३५६ |
| मृत्युदर्ता | १२० |
| बसाईसराई दर्ता | ६ |
| विवाह दर्ता | २५० |
| सम्बन्धविच्छेद दर्ता | प्राप्त नभएको |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | १८ किलोमिटर |
| ग्राभेल सडक मर्मत | ४ किलोमिटर |

## १२ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार आफ्नो क्षेत्र भित्र १८ वटा सहकारी संस्था रहेका छन् । यी सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## १३ पेश्की व्यवस्थापन

१३.१ **चालु आ.व.को पेस्की बाँकी** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की २०८०/८१ आर्थिक वर्षको फस्यौंट नभई रु. १ करोड १५ लाख ८२ हजार ९०१ बाँकी रहेको देखिन्छ। जस मध्ये आ.व.२०८०।८१ को म्याद समाप्त भएको फस्यौंट गर्न बाँकी रु.

**(विस्तृत विवरण बेरूजु दफा १३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | १,१५,८२,९०१ |

१३.२ **गत बर्षको पेश्की फस्यौंट र सम्परीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४७ मा पेश्कि दिने र फछर्योट गर्ने सम्बन्धी ब्यवस्था गरिएको छ। SUTRA को अभिलेख अनुसार अल्या पेश्की तर्फ बिभिन्न २७ व्यक्ति तथा संस्था, फर्मको नाममा रु. ७,००,०००.००– फस्यौंट गर्न बाँकी रहेको देखिएको छ ।यसरी लामो समय देखि SUTRA मा पेश्की अल्या हुँदै आएको सम्बन्धमा पालिकाले थप एकिन गरी फस्यौंट भईसकेको भएमा सोही अनुसार पेश्की बाँकीको अभिलेखलाई अद्यावधिक गर्नुपर्ने देखिन्छ। स्रेस्ता अनुसार पेश्की फस्यौंट भईसक्ने अवस्थामा समेत विगतमा कायम भएको पेश्की वेरुजु यथावत रहने अवस्था समेत देखिने गरेको हुँदा नियमानुसार संपरीक्षण गरी पेश्की बाँकीको विवरण अद्यावधिक गर्नुपर्दछ ।

## १४ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| स्रोतहरु | वार्षिकअनुमानित आय | आम्दानी |
|---|---|---|
| ११३१३ - सम्पती कर | ५०००००० | ० |
| ११३१४ - भुमिकर/मालपोत | ७५००००० | १२२१७७१ |
| ११३१७ - वहाल कर | ४५००००० | २८५४२४ |
| ११३१८ - वहाल विटौरी कर | १०००००० | ० |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | १९००००० | ० |
| ११६९१ - अन्य कर | ३०००००० | ५८०० |
| १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | १२००००० | ० |
| १४२१८ - विद्युत सेवा शुल्क | ० | ८७०० |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १५००००० | ० |
| १४२२१ - न्यायिक दस्तूर | ७००००० | ५३०० |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | १५००००० | ० |
| १४२२४ - परीक्षा शुल्क | ६००००० | ५८००१ |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ९००००० | ८५५०० |
| १४२४२ - नक्सापास दस्तुर | २५००००० | ५६२३४ |
| १४२४३ - सिफारिश दस्तुर | २३००००० | ३६१०० |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | २५००००० | १५९७०० |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ९००००० | ० |
| १४२४९ - अन्य दस्तुर | २५००००० | २६३००० |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४५००००० | ० |
| १४२५४ - रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ५००००० | ० |
| १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ० | १०० |
| १४२६५ - अन्य क्षेत्रको आय | ६०००००० | १५४५५० |
| १४६११ - व्यवसाय कर | ० | २५००० |
| १५१११ - बेरूजू | ९६०१४० | ० |
| ३२१२१ - नगद | ० | २३७८९५ |
|  | ५१९६०१४० | २६०३०७६ |

पालिले यस वर्ष लक्ष्यको अनुपातमा ५ प्रतिशत लक्ष्य हासिल गरेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

१५ **राजस्व**

यस गाउँपालिकाले आ व २०८०।८१ लागि तोकेको सेवा शुल्क तथा दररेट अनुसार घर वाटो शिफारिस तथा चार किल्ला प्रमाणित वापत रु २०० का दरले दस्तुर निर्धारण गरेको छ।सो अनुसार वडा नं २ मा १३ थान घर वाटो शिफारिस वापत रु २६०० र ११ थान चार किल्ला प्रमाणित वापत रु २२०० समेत रु ४८००, वडा नं ४ मा ४ थान चार किल्ला शिफारिस वापत रु ८०० र ४ थान घर वाटो शिफारिस वापत रु ८०० समेत रु १६००, वडा नं ६ मा ११ थान घर वाटो प्रमाणित वापत रु २२०० र १३ थान चार किल्ला प्रमाणित वापत रु २६०० राजस्व प्राप्त गरेको छ।त्यसैगरी वडा नं १, ३, ५, ७ र ८ वाट सो वापत कति पनि राजस्व उठेको देखिएन। त्यसै गरी विभिन्न शिफारिस दिएको चलानी किताव समेत लेखापरीक्षणको क्रममा पेश भएन।यसले गर्दा राजस्व असुली यथार्थपरक छ भन्ने अवस्था देखिएन।त्यसै गरी वडा नं ४ को चलानी किताव परिक्षण गर्दा २९४ थान चार किल्ला र घर वाटो शिफारिस भएको पाइयो। तर सो मध्ये ३० वटा शिफारिस वापतको मात्र रु ६००० राजस्व जम्मा भएको छ।वाँकी २६४ वटा शिफारिस वापत हुने रु ५२८०० दस्तुर उठ्न सकेको देखिएन। तसर्थ पालिकाले सवै वडा कार्यालयहरुको चलानी किताव अध्ययन गरी सो कितावमा उल्लेख भएको शिफारिस अनुसार राजस्व उठे नउठेको सम्वन्धमा एकिन गर्नु पर्दछ।त्यसैगरी वडा नं ४ को चलानी किताव अनुसार २६४ वटा चार किल्ला र घर वाटो शिफारिस वापत हुने राजस्व रु ५२८०० पालिकालाइ नोक्सानी हुन गएको रु

| | |
|---|---|
| अनियमित भएको | ५२,८०० |

१६ **विविध खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रु. ३० लाख खर्च गरेको छ । विभिन्न समयमा खाना खाजामा खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन ।विविध खर्चबाट खाजा खानाका साथै सानातिना कार्यालय सम्बन्धी खर्च, आर्थिक सहयोग लगायतका भुक्तानी दिइएको छ। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ ।

१७ **श्रेस्ता पेश नभएको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिलमा उल्लिखित गोश्वारा भौचरहरुबाट विल भरपाइ लगायत आवश्यक विल भरपाई संलग्न नराखी रु. १९१७१९२ भुक्तानी गरेको छ । उक्त फर्महरुको खर्च प्रमाणित गर्ने बिल भरपाइ र आवश्यक अन्य कागजात पेश हुनुपर्ने रु.

| मिति | कामकोविवरण | भुक्तानीपाउने | खर्च | कैफियत |
|---|---|---|---|---|
| ८७-२०८०/०९/२९ | २ चट दाउरा बापत वन पैदावार आपूर्ति समिति बारालाइ भुक्तानी | जिल्ला वन पैदावार आपुर्ति समिति | ४८४२६ | विल भरपाइ नभएको |
| १९०-२०८०/११/२६ | सांस्कृतिक कार्यक्रम सन्चालन तथा ब्यवस्थापन | विशालटेन्ट हाउस | ८८५०५ | विल भरपाइ नभएको |
| २६९-२०८१/०१/०३ | विविध पेश्की फर्स्योट | जन स्वास्थ्य निरीक्षक पारस साह रायको पे फ | ३४१००० | गो भौ मात्र भएको |
| २७०-२०८१/०१/०३ | विविध पेश्की फर्स्योट | जन स्वास्थ्य निरीक्षक पारस साह रायको पे फ | ३००००० | गो भौ मात्र भएको |
| २७८-२०८१/०१/०८ | न्यायिक समितिको ब्यवस्थापन खर्च | सहनी ब्रदर्श इन्टरप्राइजेज | १६३९०५ | श्रेस्ता नभएको |
| ३५२-२०८१/०२/१६ | विजुली महशुल | धीरज कुमार गुप्ता | १२००० | विल भरपाइ नभएको |
| ३८०-२०८१/०२/२३ | मेशिनरी औजार मर्मत | आर के ट्रेडिङ्ग एण्ड सप्लायर्स | ३९५०० | विल भरपाइनभएको |
| ३९७-२०८१/०२/२४ | विविधखर्च | चौधरी वर्ल्ड कम्युनिकेशन | ३९३५५ | श्रेस्तानभएको |
| | | रंजिता ट्रेडर्स | ३९१०४ | |
| ३९८-२०८१/०२/२४ | स्वास्थ्य तर्फ विविध खर्च | प्रविण प्रिन्टिङ्ग प्रेस | १९७७५० | श्रेस्तानभएको |
| ३९९-२०८१/०२/२४ | शिक्षाको लागि ब्याग वितरण | अभिषेक सप्लायर्स | ३८०३६५ | भरपाइनभएको |
| ४१८-२०८१/०३/१० | सरुवा भ्रमण खर्च | महेश कुमार मिश्र | ३३२०० | भ्रमण आदेश भ्रमण खर्च विल नभएको |
| ५०७-२०८१/०३/२४ | बर्थिङ्ग सेन्टर संचालन तथा ब्यवस्थापन | गढीमाइ जनरल सप्लयर्स | २३४०८२ | श्रेस्ता पेश नभएको |
| | | | १९१७१९२ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,१७,१९२ |

१८ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा १० लाख सम्मको निर्माण कार्य सोझै खरिद गर्न सकिने, रु.२० लाख सम्मको निर्माण कार्य गर्दा शिलवन्दी दरभाउपत्र र सो भन्दा वढीको खरिद गर्नु परेमा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाको पालना नगरी पालिकाको लागि मसलन्द तथा कार्यालय समाग्री शीर्षकबाट टुक्रा-टुक्रा पारी फरक फरक आपूर्तिकर्ताबाट दररेट माग गरेर तथा सोझै खरिद गरी रु ३८३०१९५खर्च लेखेको छ । यसरी कानुनी व्यवस्था पालना नगरी खरिद कार्य गरेको नियमित नदेखिएको रु.

| मिति | भौ.नं. | विवरण | भुक्तानीपाउने | खर्च |
|---|---|---|---|---|
| १७/१०/२०८० | १२१ | मसलन्द :पेपर पेन, इन्डेक्स फाइल | अफिस डिलर्स ३०२२३५२४३ | २०२६२५. |
| १७/१०/२०८० | १२२ | मसलन्द :छपाइ | न्यु भुमिका प्रिन्टिङ्ग प्रेस | ४७४३१८. |
| १८/१०/२०८० | १२३ | मसलन्द :छपाइ | प्रविण प्रिन्टिङ्ग प्रेस | ३३१९३७. |
| १८/१०/२०८० | १२४ | मसलन्द :पेपर पेन, इन्डेक्स | अभयान एण्ड अभ्या इन्टरप्राईजेज | २३७४०२. |
| १८/१०/२०८० | १२५ | कार्यालयसम्बन्धी : पेनड्राइभ, टोनर | अभयान एण्ड अभ्या इन्टरप्राईजेज | २६४८२७. |
| १९/१०/२०८० | १४२ | मसलन्द तथा कार्यलय सामाग्री | आँचल सप्लायर्स | १६,८००.०० |
| १९/१०/२०८० | १४६ | मसलन्द तथा कार्यालय सामाग्री | विधा ट्रेडर्स | ९८,६४९.०० |
| १९/१०/२०८० | १४९ | मसलन्द तथा कार्यालय सामाग्री | दास इलेक्ट्रोनिक्स | ४१,१३२.०० |
| १९/१०/२०८० | १५० | मसलन्द तथा कार्यालय सामाग्री | चौधरी वल्ड कम्यूनिकेशन | ३८,९२५.०० |
| १९/१०/२०८० | १५१ | मसलन्द तथा कार्यालय सामाग्री | रंजिता टेडर्स | ६७,७९०.०० |
| ०५/१२/२०८० | २१९ | कार्यालय सामाग्री: इलेक्ट्रिक जग, हिटर, थर्मस | डायमण्ड एलडी म्यानुफ्याक्चरीङ्ग | २३६७८६. |
| ०५/१२/२०८० | २२० | कार्यलय सामाग्री: बिजुलीको तार, वल्व | हिराइलेक्ट्रिक | १०,२५०.०० |
| ०५/१२/२०८० | २२१ | कार्यलय सामाग्री: गमछा, खादा | आँचल सप्लायर्स | ५०,९३५.०० |
| २३/०१/२०८१ | ३०२ | मसलन्द:पेपर पेन इन्डेक्स लगायत | रौनकट्रेडर्स: | ९५०१३२. |
| | | छपाइ | न्यु भवानी अफसेट प्रेस छपाइ | ८०७६८७. |
| | | | | ३८३०१९५. |

| अनियमित भएको | ३८,३०,१९५ |
|---|---|

१९ **फोटोकपी बिल :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिलमा उल्लिखित गोश्वारा भौचरहरुबाट फोटोकपी विल संलग्न राखी रु. १४८५०० भुक्तानी गरेको छ । उक्त फर्महरुले फोटोकपी बिल पेश गरेकोले सक्कल बिल पेश हुनुपर्ने रु.

| मिति | कामकोविवरण | भुक्तानीपाउने | खर्च | कैफियत |
|---|---|---|---|---|
| २४६-२०८०/१२/२१ | वडान १ मा सांस्कृतिक संरक्षण राम जानकी | ब्रज भुषणप्रसाद जैसवार | १४८५०० | फोटोकपी विल रितेश टेन्ट हाउस विल २१ र विन्द वासिनी झन्कार ड्रामा डान्स पार्टी |

| प्रमाण पेश नगरेको | १,४८,५०० |
|---|---|

२० **बैठक भत्ता :**

मधेश प्रदेशद्वारा जारी गरिएको प्रदेश खर्च मापदण्ड, २०७७ को परिच्छेद ३ को दफा १४ मा बैठक भत्ता सम्बन्धमा ब्यवस्था गरेको छ। सो दफामा बैठक भत्ता उपलब्ध गराउन सकिने आधारहरुको ब्यवस्था गरेको छ। उप दफा (१) मा स्पष्ट विषयवस्तु,कार्ययोजना र कार्य क्षेत्रगत शर्तको आधारमा बैठक बसेको हुनु पर्ने, बैठक कार्यालय समय अघि-पछि बसेको हुनु पर्ने, उपदफा (२) मा एकै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी बस्ने बैठकमा बैठक भत्ता प्रदान नगरिने, उपदफा (३) प्रचलित कानून तथा कुनै निर्णय एवं आदेशबाट गठित समिति र कार्यदलको बैठकको लागि मात्र भत्ता प्रदान गरिने व्यवस्था छ।समिति वा कार्यदलमा ७ जना भन्दा बढी

सदस्य राख्न नपाइने, तथा १४ (५) मा बैठकमा सहायक कर्मचारी, सहयोगी कर्मचारी र बिशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा तीन जना आमन्त्रित सदस्यको रुपमा राख्न सकिने ब्यवस्था रहेको छ।पालिकाले देहायका मितिमा स्पष्ट कार्ययोजना र विषयबस्तुमा आधारित भएर बैठक बसेको भत्ता लिनु पर्नेमा नियमित कार्यालय समयमै गर्नुपर्ने कामको बैठक भत्ता भुक्तानी गरेको रु ९१८०० असुल हुनु पर्ने रु..

| गो भौ न मिति | विवरण | भुक्तानीपाउने | बैठक संख्या | दर | रकम |
|---|---|---|---|---|---|
| ४९७-२०८१/०३/२४ | विभिन्न मितिमा कोटेशन मार्फत खरिद गर्दा कोटेशन मुल्याङ्कन समितिको बैठक | अजित पटेल | १५ | १२०० | १५३०० |
| | | जितेन्द्र प्रसाद यादव | १५ | १२०० | १५३०० |
| | | नथु सहनी | १५ | १२०० | १५३०० |
| | | पप्पु कुमार चौधरी | १५ | १२०० | १५३०० |
| | | बली प्रसाद यादव | १५ | १२०० | १५३०० |
| | | महेश कुमार मिश्र | १५ | १२०० | १५३०० |
| कुल जम्मा | | | | | ९१८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,८०० |

२१ **वडा अध्यक्षलाई सोधभर्ना भुक्तानी :**

नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वियन सम्वन्धी मार्गदर्शनको वुंदा नं ४५ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ मा वडा अध्यक्षको काम, कर्तव्य र अधिकारमा वडा समितिको अध्यक्ष भई कार्य गर्ने, वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने, वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेश गर्ने, वडाबाट कार्यान्वियन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने गराउने लगायत छन । पालिकाले देहाय बमोजिमका धार्भिक मेला तथा पर्व ब्यवस्थापन कार्यमा भएको खर्च वडा अध्यक्षहरुलाइ सोधभर्ना भुक्तानी दिएको कानुन सम्मत देखिएन । योजना निर्माण र अनुगमनको अधिकार भएको जन प्रतिनिधी आफैँ आर्थिक कार्यमा संलग्न हुँदा स्वार्थको द्धन्द हुने तथा आन्तरिक नियन्त्रण प्रणालीमा खलल पुग्ने हुदा यस्तो कार्यमा सुधार हुनु पर्दछ।केही उदाहरणहरु

| गो भौ न मिति | विवरण | भुक्तानीपाउने | रकम |
|---|---|---|---|
| ६४-२०८०/०९/१३ | वडा न ३ मा भटनिया लोकाहा मेला संचालन खर्च | वडाअध्यक्ष शशिभुषण प्रियदर्शी | ९८५०० |
| ६५-२०८०/०९/१३ | वडा न ६पटेर्वा टोलको साउनी मेला संचालन | वडाअध्यक्ष राज कुमार गुप्ता | ९८५०० |
| ६६-२०८०/०९/१३ | वडँ न २ कोखजुरीया टोलमा दुर्गा पूजा | वडाअध्यक्ष मनोज कुमार मेहता | ९८५०० |
| ६७-२०८०/०९/१३ | वडा न १ कोच्यूटाहा टोलमा दुर्गा पूजा | वडाअध्यक्ष सुनिल प्रसाद कुशवाहा | ९८५०० |
| ६८-२०८०/०९/१७ | वडा न ६पटेर्वा टोलमा छठ पूजा | वडाअध्यक्ष राजकुमार गुप्ता | ९८००७ |
| ६९-२०८०/०९/१७ | वडा न ७ लक्ष्मीपुरकोतवालीमा छठ पुजा | वडाअध्यक्ष जनक ठाकुर लोहार | ९७७६१ |
| ७०-२०८०/०९/१७ | वडा न १ कोच्यूटाहा टोलमा छठ पूजा | वडाअध्यक्ष सुनिल प्रसाद कुशवाहा | ९८५०० |
| ८८-२०८०/०९/२९ | वडा न ७ लक्ष्मीपुरकोतवालीमा दुर्गा पुजा | वडाअध्यक्ष जनक ठाकुर लोहार | ९८५०० |
| ८९-२०८०/०९/२९ | वडा न ८ लक्ष्मीपुर कोतवाली मठ तथा बोहा टोल बेलगाढी मठ संयुक्त कार्यक्रम | वडाअध्यक्ष हरि नारायण प्रसाद कुशवाहा | ९८००७ |
| ९०-२०८०/०९/२९ | वडँ न३ बटरामा दुर्गा पूजा मेला | वडाअध्यक्ष शशिभुषण प्रियदर्शी | ९५९६० |
| १०७-२०८०/१०/११ | वडा न २ माछठ पूजा | वडाअध्यक्ष मनोज कुमार मेहता | ९५२२५ |
| ११३-२०८०/१०/१७ | वडा न ४ मादुर्गा पूजा | वडाअध्यक्ष शेख जवाहिर | ९४९३० |
| १५३-२०८०/११/११ | वडा न३ मा छठ पुजा | वडाअध्यक्ष शशिभुषण प्रियदर्शी | ८९२३२ |
| १६०-२०८०/११/१३ | वडा न ५ मा महानवमी पूजा | वडाअध्यक्ष रुपेश नारायण सिंह | ९७२६८ |
| १६१-२०८०/११/१३ | वडा न ५ मा सावनी पूजा | वडाअध्यक्ष रुपेश नारायण सिंह | ९७२६८ |
| कुल जम्मा | | | १४५४६५८ |

२२ **अनुत्पादक सामाग्री खरिद -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं. ४९७ मिति २०८१/ ०३/३२ बाट तपिसलमा उल्लेख गरिए बमोजिम रु ५२१७०० को बाद्यबादनका सामाग्री खरिद गरी स्टोरमै राखेको पाइयो। आवश्यकताको पहिचान नगरी सामग्री खरिद गरी थन्क्याएर राख्दा उत्पादनशील क्षेत्रमा विनियोजन गर्ने बजेट न्यून हुन जान्छ। स्थानीय तहले अधिकतम उपयोगिता सिर्जना हुने गरी प्रतिफल दिने कार्यक्रममा खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | सामाग्री | संख्या | दर | रकम |
|---|---|---|---|---|---|---|
| ४९७-२०८१/०३/२३ | बाद्यबाधन खरिद | मुस्कान ओभरसिज सप्लायर्स | हार्मोनियम | ५ | २८००० | १४०००० |
| | | | नाल हेभी | ५ | ९००० | ४५००० |
| | | | तवला सेट | १ | २५००० | २५००० |
| | | | बेन्जु झिल | १ | ३०००० | ३०००० |
| | | | एम्प्लिफायर १०० वाट | ३ | २२५०० | ६७५०० |
| | | | एम्प्लिफायर १६० वाट | १ | २७२०० | २७२०० |
| | | | हर्न २०" | ८ | ४००० | ३२००० |
| | | | युनिट | ८ | ६५०० | ५२००० |
| | | | माइक | ५ | ३५०० | १७५०० |
| | | | माइक स्टेन | ५ | ३००० | १५००० |
| | | | ट्रोलि स्पीकर | ३ | २३५०० | ७०५०० |
| कुल जम्मा | | | | | | ५२१७०० |

२३ **कर कट्टी नगरेको:**

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानीमा १५% कर कट्टी गर्नुपर्ने ब्यवस्था छ। पालिकाले गैर सरकारी संस्थाबाट तालिम कार्यक्रम संचालन गर्दा मु अ कर मा दर्ता नभएका संस्थाहरुबाट गराएको छ। मू.अ.करमा दर्ता नभएको ती संस्थाबाट तालिम गराए वापतको भुक्तानीमा नियमानुसार करकट्टी हुनुपर्ने १५% कर कट्टी नगरेको पाइयो। निम्नानुसारको रु. ११३०४३ घटी कट्टी कर दाखिला हुनुपर्ने रु

| गो भौ न मिति | विवरण | भुक्तानीपाउने | भुक्तानीरकम | कट्टागर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १०८-२०८०/१०/११ | वडा न १ माचिउटाहा प्रिमियर लिग सञ्चालन | मिथिलासारथी समाज नेपाल | १९५२९८ | २९२९५ |
| १५४-२०८०/१०/११ | पटेर्वामा T20 नक आउट टुर्नामेन्ट आयोजना | मिथिलासारथी समाज नेपाल | १९१२१० | २८६८२ |
| ४६४-२०८१/०३/२० | बालविवाह र दाइजो प्रथा विरुद्ध सचेतना | भागवत यादवस्मृति प्रतिष्ठान | ३६७११० | ५५०६७ |
| कुल जम्मा | | | ७५३६१८ | ११३०४4 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१३,०४४ |

२४ **परामर्स तथा डिपिआर खर्च**

परामर्श सेवा लिदा सम्बन्धित निकायका नर्म्स अनुसार लागत अनुमान स्वीकृत गरी कार्यक्षेत्रगत सेवाका शर्त **(TOR )** तयार गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमाली २०६४ बमोजिम कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| गो भौ न मिति | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| 301-२०८१/ ०1/२३ | **Organization and Management Survey** | समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा लि ६०९५९९५७० | ४९३८१० | ४७०२१२ | |
| जम्मा | | | ४९३८१० | ४७०२१२ | |

परामर्श सेवा खरिद गर्नु पूर्व पालिकामा मौजुदा जनशक्तिले सो कार्य गर्न सक्ने भए सोही जनशक्तिको प्रयोग गर्नु पर्दछ। त्यस्तो जनशक्तिले गर्न सक्ने वा नसक्ने सम्बन्धमा कुनै किसिमको अध्ययन गरिएको देखिएन।यस संग सम्वन्धित देहायका व्यहोरा देखिएका छन:

२४.१ Bill of Quantity को section B मा ( L.S. item )reimbursable activity भित्रको सोधभर्ना हुने खर्चको विल पेश गरि सोध भर्ना लिनुपर्नेमा विल पेश गर्ने गरेको देखिएन। सोधभर्ना हुने रकम को बील पेश गरि खर्च गर्नुपर्छ।

२४.२ पेशागत दायित्वको बीमा नगरेकोः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को ४ (क) मा खरिद परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्याबिलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आ.व. मा संगठन तथा ब्यवस्थापन सर्वे गर्न परामर्श सेवाका लागि सम्झौता गरी भुक्तानी गरेकोमा परामर्शदाताको पेशागत दायित्व बीमा गरेको देखिएन। पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

२४.३ जिन्सी दाखिला नगरेको : परामर्शदाताबाट पेश भएको परामर्श सेवाको प्रतिवेदन सार्वजनिक सम्पत्ति ब्यवस्थापन प्रणालीमा दाखिला नगरेको पाइयो। सो प्रतिवेदनको PAMS दाखिला गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ।

२५ **निर्माण कार्यमा धरौटी कट्टाः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ्ग वा अन्य कुनै बिल विजकमा उल्लेखित रकमको पाँच प्रतिसत रकम कट्टा गरी राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियम १२४ मा यस्तो रिटेन्सन मनी त्रुटी सच्याउने अवधीसम्म राख्नु पर्ने र यस्तो अवधीभित्र त्रुटी नसच्याएमा रिटेन्सन मनी वापतको रकम प्रयोग गरी त्रुटी सच्याउन सकिने उल्लेख छ । पालिकाले यस वर्ष उपभोक्ता समितिद्वारा निर्माण कार्य गराउँदा भुक्तानीमा नियमानुसार कट्टा गर्नुपर्ने धरौटी रकम कट्टा नगरी भुक्तानी गरेको छ । धरौटी कट्टा नगर्दा निर्माण कार्यमा हुने त्रुटी तथा मर्मतका लागि उपभोक्ता समिति एंव निर्माण व्यवसायीलाई जिम्मेबार बनाउन नसकिने अवस्था देखियो । तसर्थ पालिकाले उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानीमा धरौटी कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने देखिन्छ ।

२६ **उपभोक्ताको अंश कम कट्टाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समितिले १०% र पालिकाले बेहार्ने अंश ९०% उल्लेख गरी सम्झौता भएको देखिन्छ ।पालिकाले निर्माण कार्यको मुल्यांकन गरी भुक्तानी गर्दा १०% ले हुने रकम भन्दा कम कट्टा गरी बढी भुक्तानी भएको देखियो । निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा अनुपातिक कट्टी भन्दा कम कट्टा गरी रु.१२१०५२।- बढी भुक्तानी भएकोले देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| योजनाको नाम | खरिद विधी | गो.भौ.नं./मिति, भुक्तानी रकम | मुल्यांकन | १०% कट्टा हुनु पर्ने | कट्टा गरेको | कम कट्टा |
|---|---|---|---|---|---|---|
| नाला निर्माण वडा नं.७ | उ.स. | ३/0४०-८-२० | १५,९३,३४९.५० | १५९३३५ | १४५५०० | १३८३५ |
| | | रु.१४,४७,८५० | | | | |
| पटेर्वा धर्मशाला निर्माण | उ.स. | ४/०८०-८-२० | ३१,९९,६२३.६२ | ३१९९६२ | २९१००० | २८९६२ |
| | | रु.२९०८६२४ | | | | |
| मन्दिर निर्माण वडा नं.८ | उ.स. | २०/०८०-९-२१ | १०६१८८३.१२ | १०६१८८ | १२७००० | २०८१२ |
| | | रु.९३४,८८३ | | | | |
| ग्रावेल बाटो निर्माण | उ.स. | ४८/०८१-१-६ | २१,१५,२९०.७५ | २११५२९ | १९४००० | १७५२९ |
| | | रु.१९,२१,२९० | | | | |
| ग्रावेल बाटो निर्माण | उ.स. | ६१/०८१-१-३० | ८४९०४०.२१ | ८५३६०० | ७७६०० | ७३०४ |
| | | रु.७००००० (आंशिक) | | | | |
| बाटो ढलान गर्ने | उ.स. | ७८/०८१-२-२२ | १५९०२९५.८८ | १५९०२९ | १४५५०० | १३५२९ |
| | | रु.१४,४४,७९५ | | | | |
| बाटो ढलान वडा.नं.३ | उ.स. | २८/०८०-११-१७ | २१३०८११.११ | २१३०८१ | १९४००० | १९०८१ |
| | | रु.१९,३६,८११ | | | | |
| | | | | | जम्मा | १,२१,०५२।- |

| असुल गर्नुपर्ने | १,२१,०५२ |
|---|---|

२७ **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । पालिकाले जटिल किसिमका कार्य उपभोक्ता समितिमार्फत गराउने कार्यमा बन्देज गर्नुपर्ने देखिन्छ ।यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | लागत अनुमान | कार्य विवरण | गो.भौ.नं./मिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| पटेर्वा धर्मशाला निर्माण उ.स. | ३२,०१,००० | ३ कोठे/२ तल्ला भवन निर्माण | ४/०८०-८-२० | २९,०८,६२४ |
| ४ कोठे भवन निर्माण उ.स. | ३३६१६५१.३५ | ४ कोठे भवन निर्माण | ४३/०८१-१-४ | ३०,२५,४८६ |
| विधालय भवन ढलान उ.स. | १६००५०० | सिलिङ्ग स्लाब ढलान | १०२/०८१-३-२० | १४,५१,५१० |
| मन्दिर निर्माण उ.स. | २१३४००० | मन्दिर निर्माण | १०६/०८१-३-२१ | १९३६५०६ |
| संसारीमाई मन्दिर निर्माण उ.स. | १२८०४०० | संसारीमाई मन्दिर निर्माण | १०९/०८१-३-२१ | ११२६३०० |
| बर्थिङ्ग सेन्टर निर्माण उ.स. | १३८७१०० | बर्थिङ्ग सेन्टर निर्माण | १११/०८१-३-२१ | १२५९८७२ |
| २ कोठे विधालय भवन निर्माण उ.स. | १६००५०० | भवन निर्माण | ११७/०८१-३-२३ | १४४४४२६ |
| पटेर्वा सामुदायीक भवन निर्माण उ.स. | ३४,६७,७५०।- | ४ कोठे/२ तल्ला भवन निर्माण | १४/०८१-३-२४ | २५,००,००० |

२८ **कार्य स्वीकार प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा निर्माण भएको कार्यको हकमा कम्तीमा नब्वे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा संचालनमा आएको अवस्था भएमा कार्य स्वीकार गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले विधालयको वाउण्ड्रीवाल निर्माण कार्यका लागि रु.४२,६८,०००।- को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग मिति २०८०/११/३० मा सम्झौता गरेकोमा सोको मुल्यांकन १५,५४,०६२.२९ को मात्र गरी गो.भौ.१३९/०८१-३-२४ बाट रु. १३,९८,६५६।- भुक्तानी गरेको छ । उपभोक्ता समितिले रु.२७,१३,९३७.१०(६३%) को कम काम गरेको मुल्यांकन र कार्यस्विकार प्रतिवेदनबाट देखिन्छ ।पालिकाले न्युनतम 90% भौतिक प्रगति भए पश्चात मात्र कार्यस्विकार जारी गर्नु पर्नेमा ४७% मात्र निर्माण कार्यको मुल्यांकनमा कार्यस्विकार प्रतिवेदन जारी गरेको छ । साथै आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा संचालनमा आएको अवस्था समेत खुलाईएको देखिएन ।यसरी नियमावली अनुसार निर्धारित न्युनतम भौतिक प्रगति नहुँदै कार्य स्वीकार प्रतिवेदन जारी गर्नु नियम सम्मत देखिएन ।

२९ **जग्गाको स्वामित्वः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गरी निर्माण प्रकृया प्रारम्भ गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संघीय सर्शत तर्फको योजना पटेर्वा सामुदायीक भवन निर्माण कार्य रु.३४६७७५०।- को लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट निर्माण गर्न मिति २०८०/१२/५ मा सम्झौता गरेको देखिन्छ । पालिकाले यस वर्ष सामुदायीक भवन निर्माणको कार्यको ३४,४९,३५७.६८ को मुल्यांकन गरी गो.भौ.१४/०८१-३-२४ बाट रु.२५ लाख भुक्तानी गरेको छ । पालिकासँग निर्माण भएको जमिनको स्वामित्वकोप्रमाण माग गर्दा त्यसको प्रमाण नभएको र जमिन पालिकाको नाममा नरहेको यो संरचना नेपाल सरकारको सार्वजनिक(ऐलानी) जग्गामा निर्माण रहेको भन्ने पालिकाको भनाई रहेको छ । नेपाल सरकारको नाममा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानिय लगायत सरकारी निकायहरुले प्रचलित कानुन अनुसार आफ्नो नाममा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण कार्य गर्ने व्यवस्था रहेको देखिदैन ।अतः नेपाल सरकारको नाममा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडि बढाउनु पूर्व भूमि सम्बन्धि नेपाल सरकारको प्रचलित कानूनको पूर्ण पालना गर्नु पर्दछ ।

३० **विद्यालय भौतिक पूर्वाधार निर्माण-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले नमुना विधालय राम चरित्र माध्यमिक विधालय

भवन निमार्ण कार्यका लागि भौतिक प्रगति बेगर गोश्वरा भौचर नं. १३ /२०८१-०३-१९ वाट रु.९४,७५,००० विद्यालयको खातामा निकासा गरेको देखियो । पालिकाले विद्यालयमा हुने भौतिक निमार्णका कार्यहरु आफ्नो प्रविधिक मार्फत् सुपरिवेक्षण गर्ने गराउने र कार्यसम्पन्न प्रतिवेदन जारी गरी भौतिक प्रगतिको आधारमा भुक्तानी दिनुपर्नेमा सिधै विद्यालयको खातामा रकम निकासा गरेको देखियो । तसर्थ निमार्णसंग सम्बन्धित कागजात तथा कार्यसम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,७५,००० |

३१ **जिन्सी दाखिला प्रतिवेदनः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा जिन्सी मालसामान प्राप्त भएको ७ दिनभित्र दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न विधालयका लागि १२८ वटा स्टिलको डेक्स बेन्च नेपाल स्टिल फर्निचर उधोगबाट खरिद गरी गो.भौ.१४६/०८१-३-२४ बाट रु.९,९८,०१६।- भुक्तानी गरेको छ । पालिकाले दाखिला नं.१८१/०८१-३-२३ बाट १२८ बटा डेक्स बेन्च दाखिला गरेको र लेखापरिक्षणको क्रममा स्थलगत अनुगमन तथा परिक्षण गर्दा सो डेक्स बेन्च विधालयलाई बुझाएको देखिन्छ । यसरी पालिकाले जिन्सी मालसामान विधालयलाई हस्तान्तरण गरेकोमा सोको हस्तान्तरण फारम स्विकृत गरेको र सम्बन्धित विधालयको जिन्सी खातामा जिन्सी आम्दानी बाँधेको देखिएन । तसर्थ पालिकाले यसरी विधालयलाई जिन्सी मालसामान हस्तान्तरण गर्दा सोको निस्सा(हस्तान्तरण फारम) र सम्बन्धित विधालयको जिन्सी खातामा आम्दानी बाँधी जिन्सी लगत अधावधिक राख्नु पर्ने देखिन्छ ।

३२ **विधुतिकरणः**

३२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापि किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्ने उल्लेख छ । स्थानीय सरकार सँचालन ऐन, २०७४ को दफा १६ख(५) मा नगर उप-प्रमुखको काम कर्तब्य र अधिकारसम्बन्धमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन जारी गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस वर्ष देहायअनुसारको विधुतिकरणसम्बन्धी योजनाको भुक्तानी नेपाल विधुत प्राधिकरण सिम्रौनगढ वितरण केन्द्रलाई अग्रिम रुपमा गरेको देखिन्छ । साथै पालिकाले विधुतिकरण कार्यको लागत अनुमान समेत विधुत प्राधिकरणबाट तयार गर्न लगाएको र सो लागत अनुमानको आधारमा लागत अनुमान बराबरको रकम कार्य सम्पन्न नहुँदै अग्रिम भुक्तानी गरेको देखिन्छ । तसर्थ यस्तो योजनाको कार्य सम्पन्न र सोको अनुगमन सम्बन्धित भौतिक प्रगति यकिन गर्ने आधार देखिएन । पालिकाले योजनाको नापी, मुल्यांकन , कार्यसम्पन्न प्रतिवेदन सहित अनुगमन प्रतिवेदन समेत पेश गर्नु पर्ने रु

| योजनाको नाम | लागत अनुमान | गो.भौ.नं./मिति | भुक्तानी रकम |
|---|---|---|---|
| नयां तारपोल विस्तार गर्ने | ६५०,३२४.०० | २५/०८०-११-१३ | ६५०,३२४ |
| गा.पा.भरी विधुतिकरण | ३४,९९,९१६.११ | ३९/०८०-१२-२२ | ३४,९९,९१६ |
| पोल,तार जडान तथा विधुतिकरण वडा नं.१ | १४,९९,९८९.४३ | ६७/०८१-२-७ | १४,९९,९८९ |
| पोल,तार जडान तथा विधुतिकरण वडा नं.२ | ७,९९,९८६.३७ | ६८/०८१-२-७ | ७,९९,९८६ |
| भटिनियामा तारपोल जडान वडा नं.३ | १६,९९,९७८.१३ | ६९/०८१-२-७ | १६,९९,९७८ |
| तारपोल जडान वडा नं.५ | ९,९९,९९१.१७ | ७०/०८१-२-७ | ९,९९,९९१ |
| कृषी विधुतिकरण वडा नं.६ | ४,९९,९९१.२८ | ७१/०८१-२-७ | ४,९९,९९१ |
| विधुतिकरण, तारपोल मर्मत वडा नं.७ | ६,९९,९९७.१४ | ७२/०८१-२-७ | ६,९९,९९७ |
| नयां तारपोल विधुतिकरण वडा नं.८ | ४,९९,९७५.५७ | ७३/०८१-२-७ | ४,९९,९७५ |
| विधुतिकरण गर्ने | १९,९९,९८२.९५ | १०१/०८१-३-१७ | १९,९९,९८२ |
| | | जम्मा | १२८,५०,१२९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२८,५०,१२९ |

३२.२ विद्युतिकरणः पालिकाको यस आर्थिक वर्ष २०८०/८१ को स्विकृत योजनाअन्तर्गत गाँउपालिका भरी कृषि विधुतिकरण गर्ने योजनामा रु.३५ लाख विनियोजन भएकोमा पालिकाले नेपाल विधुत प्राधिकरण सिम्रौनगढ वितरण केन्द्रबाट रु.३४,९९,९१६.११ लागत अनुमान तयार गरेको देखिन्छ । लागत अनुमान बराबरको रकम पालिकाले अग्रिम रुपमा गो.भौ.नं.३९/०८०-१२-२२ बाट रु.३४,९९,९१६ भुक्तानी गरेको छ । पालिकाले मिति २०८०-९-८ मा नेपाल विधुत प्राधिकरण सिम्रौनगढ वितरण केन्द्रलाई ५०/५०% लागत साझेदारीमा उक्त योजना कार्यान्वयन गर्ने पत्र प्रेषित गरेको देखियो । तर पालिकाले लागत अनुमान बराबरको पुरै रकम विधुत प्राधिकरणलाई भुक्तानी गरेको देखियो । यस सम्बन्धमा प्राधिकरण र पालिकाबिचको कार्य सम्झौता यकिन गर्न सकिएन । अतः पालिकाले यस सम्बन्धमा भएको समझदारी/सम्झौता स्पष्ट पार्नु पर्ने देखिन्छ ।

३२.३ **बढी भ्याट भुक्तानीः** सार्वजनिक खरिद नियमावली,2064 को नियम 10 बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा निर्माण सामाग्रीको दरभाउ, मेशीन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा र समितिले नतोकेको अवस्थामा सरकारी कार्यालय,संस्थान, प्राधिकरण वा उद्योग वाणिज्य संघले दिएको दरभाउको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। पालिकाले विधुतिकरण कार्यको लागत अनुमानमा निर्माण सामाग्रीमा १३% भ्याट छुट्टै र निर्माण सामाग्री र ज्यालाको जोडजम्माको १३% थप भ्याट राखी दुई पटक भ्याट रकम थप गरीएको देखियो । सोही अनुसार पालिकाले प्राधिकरणलाई देहायअनुसारको भ्याट रकम बढी भुक्तानी गरेकोले यस्तो बढी रु.४,१४,५३६ भुक्तानी असुल गर्नुपर्ने रु.

| योजनाको नाम | लागत अनुमान(भ्याट बाहेक) | गो.भौ.नं./मिति | भ्याट भुक्तानी | हुनुपर्ने(लागत अनुमानको १३%) | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| गा.पा.भरी विधुतिकरण | २७१३८६५.५८ | ३९/०८०-१२-२२ | ५०४४८०.४६ | ३५२८०२ | १५१६७८ |
| पोल,तार जडान तथा विधुतिकरण वडा नं.१ | ११,७५,४५०.७८ | ६७/०८१-२-७ | २०३८६३.७३ | १५२८०८.६० | ५१०५५ |
| पोल,तार जडान तथा विधुतिकरण वडा नं.२ | ६२०८८८.६३ | ६८/०८१-२-७ | ११४७३८.४३ | ८०७१५.५२ | ३४०२३ |
| भटिनियामा तारपोल जडान वडा नं.३ | १३३३२७०.८३ | ६९/०८१-२-७ | २२९९४३.१८ | १७३३२५.२१ | ५६६१८ |
| तारपोल जडान वडा नं.५ | ७७५९७४.३७ | ७०/०८१-२-७ | १४३५६६.९८ | १००८७६.६७ | ४२६९० |
| कृषि विधुतिकरण वडा नं.६ | ३९३९४७.१० | ७१/०८१-२-७ | ६५८१९.६२ | ५१२१३.१२ | १४६०६ |
| विधुतिकरण, तारपोल मर्मत वडा नं.७ | ५४३३५६.३५ | ७२/०८१-२-७ | १००३२५.६६ | ७०६३६.३२ | २९६८९ |
| नयां तारपोल विधुतिकरण वडा नं.८ | ३७६६१५.५९ | ७३/०८१-२-७ | ८३१३६.६८ | ४८९६० | ३४१७७ |
| जम्मा | | | | | ४,१४,५३६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१४,५३६ |

३३ **लघु उद्यम विकास कार्यक्रम**

**प्रविधि हस्तान्तरण-** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। निर्देशिका अनुसार पालिकाबाट निम्नानुसार भौचर बाट रु. को प्रविधि हस्तान्तरण भएकोमा ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम रु. २०६७९ सम्वन्धित लघु उद्यमीबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु...

| गौ.भौ.नं./मिति | पालिकाले व्यहोर्नुपर्ने ८० प्रतिशत रकम | लाभग्राही बाट व्यहोर्नुपर्ने २० प्रतिशत रकम |
|---|---|---|
| **१५०/२०८१।३।२३** | **१०३३९५** | **२०६७९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,६७९ |

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका विभिन्न वडामा ३८ योजना सञ्चालन गरी यस वर्ष ७३ जनालाई औसत ८२ दिनले ६०५८ दिन रोजगारी उपलब्ध गराई रु. ४०४६७४४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३५ **औषधि खरिद** (१४८-२०८१-३-२३):

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले संघीय सशर्त बजेटबाट गढीमाई मेडिहेल्थ प्रा.लि(६१०१२२६६२) फर्मसंग सिलवन्दी दरभाउपत्र मार्फत रु. १९४३७१९ को औषधि खरिद गरेको देखिन्छ । औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३६ **तेस्रो व्यक्ति मार्फत रकम हस्तान्तरण** (१५९-२०८१-३-२४):

नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको वुंदा नं ४५ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च र दिवस मनाउने खर्च समेत) कार्यक्रमको ४५ महिला स्वयंयसेविकाको पोसाक भत्ता वापत वार्षिक १०००० हजारका दरले ४५०००० र मासिक १००० हजारका दरले यातायात भत्ताको वार्षिक एकमुष्ठ ५४००००० गरी जम्मा रु. ९९०००० रकम महेन्द्र गिरी सन्यासी नाममा भुक्तानी भएको छ । महेन्द्र गिरी सन्यासीका अनुसार आफु त्यस कार्यक्रमसंग सम्वन्धित नभएको र आफुले थाहा नपाई आफ्नो नाममा पैसा आएकोले आफुले स्वास्थ्य शाखा श्री पारस राय यादवको नाममा सिद्धार्थ बैंकमा रकम जम्मा गरेको र पारस राय यादवबाट स्वयंसेविकालाई हस्तान्तरण गरेको भरपाई पेश भएको छ । यसरी सम्वन्धित व्यक्तिको नाममा बैंक मार्फत भुक्तानी हुनुपर्ने रकम दोस्रो व्यक्तिको नाममा भुक्तानी भएको र तेस्रो व्यक्ति मार्फत रकम हस्तान्तरण हुनु नियम सम्मत देखिदैन । अतः पालिकाले यस्ता प्रकृतिको कार्यलाई अन्त्य गरी प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्दछ ।

३७ **श्रेष्ता पेश नभएको** (१५८-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ । त्यस्तै ऐ. नियमावलीको नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार कार्यक्रमको मुकेश प्रसाद यादव भुक्तानी भएको श्रेष्ता पेश नभएकोले श्रेष्ता पेश गर्नुपर्ने रु.

| मिति | कार्यक्रम | भुक्तानी | खर्च |
|---|---|---|---|
| १५८/२०८१।३।२४ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | मुकेश प्रसाद यादव | ३२८००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२८,००० |

३८ **पाठ्यपुस्तक**

३८.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चिशतता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका १५ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा रकम रु. २५,९०,३९४.०० निकासा गरेको पाइयो । पहिलो किस्तामा निकासा रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा

विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरि पुन: ७ वटा विद्यालयलाई रु. ६,०९,२६३.०० निकासा भएकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्नए सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु. ३१९९६५७ खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सम्वन्धमा स्थानीय तहबाट अनुगमन गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।

३८.२ **पाठ्यपुस्तकको बढि निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ क्रियाकलाप नं. २.४.६.१ वमोजिक EMIS बमोजिम विद्यार्थी संख्या सत्यापन गराई रकम निकासा गर्ने व्यवस्था रहेकोमा यस पालिकामा अनिवार्य विषयहरुको हकमा निम्नानुसार विद्यालयमा EMIS मा प्रविष्टि भएको विद्यार्थी संख्या भन्दा बढि विद्यार्थीका दरले भुक्तानी गरेको रकम निम्नानुसारका विद्यालयबाट असुल उपर हुनुपर्ने रु.

| विद्यालय | कक्षा | हुनुपर्नेविद्यार्थी संख्या | भएकोविद्यार्थी संख्या | बढिभुक्तानी |
|---|---|---|---|---|
| ने.रा. आधार विद्यालय खजुरिया | २ | ५१ | ६२ | ६१२४ |
| | ३ | ५८ | ६२ | २३२३ |
| | ४ | ५५ | ६० | २९८१ |
| राम चरित्र मा.वि | ६ | ८३ | १३१ | ३३९५० |
| | ८ | १८३ | २४० | ५००९७ |
| | ९ | २०९ | २५३ | ३४०७३ |
| | १० | १४९ | २१४ | ५९७७४ |
| ने.रा.नि.मा.वि रुपैलिया | १ | ३१ | ६० | १५१०३ |
| | २ | २३ | ५३ | १६७०४ |
| | ५ | २७ | ३६ | ५६९२ |
| | ७ | १३ | ३० | १२७१६ |
| | | | | २३९५३७ |

| असुल गर्नुपर्ने | २,३९,५३७ |
|---|---|

३९ **दिवा खाजा**

३९.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा उल्लेख गरे अनुसार दिवा खाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपि बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यवस्थापन खर्च समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या एकिन गरी निकासा दिने उल्लेख छ । यस वर्ष पालिकाले विद्यालयलाई विभिन्न किस्तामा गरी जम्मा रु. १०९४१७५०. निकासा दिएको छ । पालिकाले विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गर्नुपर्ने देखिन्छ ।

३९.२ **दिवा खाजामा बढि भुक्तानीः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ क्रियाकलाप नं. २.७.११.१ वमोजिक EMIS बमोजिम विद्यार्थी संख्या सत्यापन गराई रकम निकासा गर्ने व्यवस्था रहेकोमा यस पालिकामा दिवा खाजा वापत भुक्तानी भएको निम्नानुसार

विद्यालयको EMIS मा प्रविष्टि भएको विद्यार्थी संख्या भन्दा बढि विद्यार्थीका दरले भुक्तानी गरेको रकम निम्नानुसारका विद्यालयबाट असुल उपर हुनुपर्ने रु.

| क्र.स | विद्यालयको नाम | बढि विद्यार्थी संख्या | बढि भुक्तानी |
|---|---|---|---|
| १ | ने.रा.मा.वि.खजुरीया | ६ | १३५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५०० |

४० **विद्यालयअनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ । त्यस्तै ऐ. नियमावलीको नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार विद्यालयलाई शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० अनुसार ल्याव सामाग्री र क्रियाकलाप नं. २.७.१३.१३ को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत निम्नानुसार विद्यालयलाई भुक्तानी दिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोके अनुसार खर्च गरी त्यसको प्रमाण एंव कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| क्र.स | विद्यालयको नाम | रकम | कार्यक्रम |
|---|---|---|---|
| १ | श्री राम चरित्र माध्यमिक विद्यालय जयनगर | २००००० | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यसम्पादन अनुदान |
| २ | श्री राम चरित्र माध्यमिक विद्यालय जयनगर | ३०००००० | नमुना विद्यायको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यसम्पादन अनुदान |
| ३ | श्री राम चरित्र माध्यमिक विद्यालय जयनगर | २००००० | ल्याव सामाग्री वापत(२.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान) |
| ४ | श्री ने.रा.मा.वि लक्ष्मिपर कोतवली | ३००००० | उत्कृष्ट कार्य सम्पादन प्रोत्साहन अनुदान |
| | | ३७००००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,००,००० |

४१ **स्यानिटरी प्याड** (९२-२०८१-२-२३):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२१६ जना रहेका छन। पालिकाले सशर्त चालु शीर्षकबाट १२७३० थान स्यानिटरी प्याड रु.९९९७५० (मु अ कर समेत) मा सिद्दि मा सप्लार्स बाट खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४२ **शिक्षकको अभिलेख**

शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा समन्वय अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत वुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन ।विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन

पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय इकाइबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। ईकाइले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

४३ **दरवन्दी मिलान**

शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकाोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन ।

४४ **विद्यालय शिक्षक हाजिरी**

कार्य संचालन निर्देशिका,२०७७ मा बिद्यालयहरुले चौमासिक निकासा माग गर्दा माग फारम साथ विद्यालयमा कार्यरत शिक्षकहरुको हाजिर रिपोर्ट पठाउनुपर्ने व्यवस्था छ। विद्यालयहरुले हाजिरीको अभिलेख नपठाएकोले शिक्षकको उपस्थिति खुलेको छैन। पालिकाले विद्यालयहरुलाई माग फारमसँगै शिक्षकको हाजिर अभिलेख अद्यावधिक गरेर मात्र विद्यालयको निकासा पठाउनुपर्ने व्यवस्थाको पूर्ण पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४५ **निःशुल्क शिक्षा**

नेपालको संविधान २०७२ को अनसुचि ८ अनुसार आधारभूत माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचि अन्तर्गत रहेको देखिन्छ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा २७ मा नीजि लगानीका विद्यालयले प्रारम्भिक वालविकास शिक्षादेखि १२ कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म,पाँचसय देखि आठ सय जनासम्म र आठ सय भन्दा वढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तिमा दश,वाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने व्यवस्था छ।शिक्षा नियमावली २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव,अपांग,महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृति उपलव्ध गराउनु पर्ने व्यवस्था छ।यसर्थ पालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृति कार्यक्रम कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

४६ **सामाजिक सुरक्षा कार्यक्रम**

सामाजिक सुरक्षा कार्यक्रम संचालन सबै वडामा ईएफटी मार्फत लाभग्राहीको खातामा रु. १०३९५८५०९ निकासा दिएको देखिन्छ । यस आर्थिक वर्षमा २३५ जना नयाँ थप र ८७० जना लगत कट्टा भई ४७३७ जना लाभग्राही कायम भएको छ । यस अन्तर्गत देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

४६.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा १५(३) बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्नेछ र दफा २६ (३) बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरि त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यृ भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको तथा लगत कट्टा भई फिर्ता हुने रकम सन्दर्भमा सम्बन्धित शाखाले बैकलाई फिर्ता गर्ने पत्र बमोजिम बैंकबाट फिर्ता गरे नगरेको एकिन गरि प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेकोले त्यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४६.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा ११ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा गरी लगत अद्यावधिक समयमा नै गर्नुपर्नेमा सो अनुसार गरिएको पाइएन ।

४६.३ **पारदर्शिता:-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा ३२ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको त्रैमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन।तसर्थ निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन। अतः पालिकाले लाभग्राही नामनामेसी विवरण अद्यावधिक गरेर मात्र भत्ता रकम वितरण गर्नुपर्दछ ।

४६.४ **अनुगमन तथा सुपरिवेक्षण:-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-१३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। त्यसैगरी बुंदा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङकन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। त्यस तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

सोधभर्ना नलिएको

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : आदर्श कोटवाल गाउँपालिका, बारा , आदर्श कोटवाल गाउँपालिका , बारा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | NATHU SAHANI | २०८०-६-१ | २०८०-८-३० |
| कार्यालय प्रमुख | Munna sah Rauniyar | २०८०-९-२ | २०८१-२-५ |
| कार्यालय प्रमुख | MAHESH KUMAR MISHRA | २०८१-२-१६ | २०८१-९-२४ |
| कार्यालय प्रमुख | विजय कुमार चौरसिया | २०८१-९-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुबोध प्रसाद कुशवाहा | २०८१-१०-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | pappu kumar chaudhary | २०८०-७-२६ | २०८१-३-३१ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०१४,१४८ | ३,८८२,९९५ | २८,६५६,७१६ | ० | ० | ११,५८२,९०१ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४५,१३६,७६० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४५,१३६,७६० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९९६१०४०१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २१०६१८८५५ | चालु खर्च | २३६९९७८६८ |
| प्रदेश सरकारबाट अनुदान | ७०८५०००.० | पूँजीगत खर्च | ११११३३३५७६ |
| राजश्व बाँडफाँट | ७५५१३६७६ | वित्तीय/अन्य व्यवस्था | ३१८५१.० |
| आन्तरिक आय | ४३००९२७.० | | |
| अन्य आय | ८७०६९६.० | | |
| कुल आय | २९८३८९१५४ | कुल खर्च | ३४८३६३२९५ |
| बाँकी मौज्दात | | ४९६३६२६० | |

## अनुसूची - २

## बेरूजु दफा २.५ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च |
|---|---|---|
| १ | लक्ष्मी मोटरसाइकल मर्मत केन्द्र (भुक्तानी हुन बाँकी) | ७७५८० |
| २ | निर्मला ट्रेड एण्ड सप्लयार्स (भुक्तानी हुन बाँकी) | ६१०२० |
| ३ | लक्ष्मी स्वीटस कलैया (भुक्तानी हुन बाँकी) | ३९००० |
| ४ | बारा प्रिन्टर केयर सेन्टर (भुक्तानी हुन बाँकी) | ३५६५० |
| ५ | शिव शंकर ट्रेडर्स (भुक्तानी हुन बाँकी) | ३८२७५ |
| ६ | निहारिका ट्रेडिङ्ग (भुक्तानी हुन बाँकी) | १३६९०० |
| ७ | जिल्ला प्रशासन कार्यालय-बारा (भुक्तानी हुन बाँकी) | १५६९८३ |
| ८ | आँचल सप्लायर्स (भुक्तानी हुन बाँकी) | ३८४०० |
| ९ | सुमिन्त्रा मिडिया प्रा.ली. (भुक्तानी हुन बाँकी) | १५१८७२ |
| १० | इच्छा खाजा घर (भुक्तानी हुन बाँकी) | ९९५०० |
| ११ | बारा ब्रदर्श सप्लायर्स (भुक्तानी हुन बाँकी) | ६२८२८ |
| १२ | रंजिता ट्रेडर्स (भुक्तानी हुन बाँकी) | १९८०० |
| १३ | राधेश्याम साह कानु (भुक्तानी हुन बाँकी) | ३५८३० |
| १४ | सरस्वती मिष्ठान भण्डार (भुक्तानी हुन बाँकी) | ९५९८५ |
| १५ | बिबेक मोटर पार्टस (भुक्तानी हुन बाँकी) | १७१५० |
| १६ | अमन सप्लायर्स (भुक्तानी हुन बाँकी) | १९९९८७ |
| १७ | जयसवाल सर्जिकल & ट्रेडर्स (भुक्तानी हुन बाँकी) | ४१३०८ |
| १८ | रामबाबु पाल (भुक्तानी हुन बाँकी) | १७६४२५ |
| १९ | कुश्वाहा स्टील फर्निचर उधोग (भुक्तानी हुन बाँकी) । | २६४०८ |
| २० | हनुमान ट्रेडिङ्ग (भुक्तानी हुन बाँकी) | १६८३९८ |
| २१ | ओम पञ्चर वर्कशप (भुक्तानी हुन बाँकी) | १७५०० |
| २२ | सौरभ श्री (भुक्तानी हुन बाँकी) | ३८५०० |
| २३ | विद्यार्थीको लागि आई.डी. कार्ड वितरण । | ४९९००८ |
| २४ | मेयरकप खेलकुद प्रतियोगिता संचालन (क्रिकेट) | ६७५००० |
| २५ | जनचेतना मुलक कार्यक्रम संचालन । | ६८०९३५ |
| | | |

| | | |
|---|---|---|
| २६ | इण्डो नेपाल (भुक्तानी हुन बाँकी) | ९७८४० |
| २७ | खेलकुद समाग्री खरिद । | ७९९९०३ |
| २८ | I Path Computer & Servicing Center (भुक्तानी हुन बाँकी) | ९५८५० |
| २९ | कुश्वाहा स्टील फर्निचर उधोग (भुक्तानी हुन बाँकी) | २८८१५ |
| ३० | चौधरी वल्ड्स कम्युनिकेशन (भुक्तानी हुन बाँकी) | ३९३६० |
| | | ४६५२०१० |

## बेरूजु दफा १३.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|---|---|
| कर्मचारी | | | | |
| २०८०/१२/१० | २३९ | साँस्कृतिक प्रवर्द्धन तथा व्यवस्थापन खर्च । | विवेक कुमार साह | ३००००० |
| २०८०/१२/२६ | २५५ | ईन्धन | अजित पटेल | ४५००० |
| २०८०/१२/२६ | २५५ | ईन्धन | प्रविण कुमार ठाकुर | ४५००० |
| २०८१/०१/०८ | २७७ | साँस्कृतिक प्रवर्द्धन तथा व्यवस्थापन खर्च । | सतेन्द्र प्रसाद यादव | १५०००० |
| जम्मा | | | | ५४०००० |
| संस्थागत | | | | |
| २०८१/०२/०७ | ६७ | विद्युतिकरण गर्ने । | नेपाल विधुत् प्राधिकरण | ४९९९८९ |
| २०८१/०२/०७ | ६७ | पोल तार जडान । | नेपाल विधुत् प्राधिकरण | १०००००० |
| २०८१/०२/०७ | ६८ | कृषि विद्युतिकरण गर्ने । | नेपाल विधुत् प्राधिकरण | ७९९९८६ |
| २०८१/०२/०७ | ६९ | भटिनियामा तारपोल जडान । | नेपाल विधुत् प्राधिकरण | १६९९९७८ |
| २०८१/०२/०७ | ७० | तारपोल जडान । | नेपाल विधुत् प्राधिकरण | ९९९९९१ |
| २०८१/०२/०७ | ७१ | कृषि विधुतिकरण । | नेपाल विधुत् प्राधिकरण | ४९९९९१ |
| २०८१/०२/०७ | ७२ | विद्युतिकरण अर्थात तारपोल मर्मत गर्ने । | नेपाल विधुत् प्राधिकरण | ६९९९९७ |
| २०८१/०२/०७ | ७३ | नयाँ तारपोल विधुतिकरण । | नेपाल विधुत् प्राधिकरण | ४९९९७५ |
| जम्मा | | | | ६६९९९०७ |
| अन्तर्गत निकाय | | | | |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | येतिम खाना मदिनातुल उलुम | ३९२०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय आधारभुत विधालय खजुरिया | १०९२०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत | श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विधालय बेलवाटोल | ३८००० |

| | | | | |
|---|---|---|---|---|
| | | विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | | |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विधालय लक्ष्मिपुर | १५३२०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय प्रथमिक विद्यालय वतरा | ७४००० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय कोइलिडिह | ६६००० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय जयनगर | ६६४०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय जमुनिया | ४१२०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय टेढाकट्टी | ९३२०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय पटेर्वा डमार | ४०८०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय भगवानपुर | ३९६०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय भटिनिया | ८२८०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय रुपौलिया | ६८४०० |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति | श्री नेपाल राष्ट्रिय माध्यमिक विधालय पटेर्वा | १९८८०० |

| | | | | |
|---|---|---|---|---|
| | | (आवासीय तथा गैरआवासीय) | | |
| २०८१/०१/२० | ६७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री राम चरित्र माध्यमिक विधालय जयनगर | २९२८०० |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | येतिम खाना मदिनातुल उलुम | ४९५१९ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय आधारभुत विधालय खजुरिया | १६२२९२ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विधालय बेलवाटोल | ६१६९५ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विधालय लक्ष्मिपुर | २६५००५ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय प्रथमिक विद्यालय वतरा | ८०४३१ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय कोइलिडिह | ८८९६५ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय जयनगर | ८२०४० |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय जमुनिया | ७४४०३ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय टेढाकट्टी | ७५८४२ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय पटेर्वा डमार | ६३५७० |

| | | | | |
|---|---|---|---|---|
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय भगवानपुर | ७०४१६ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय भटिनिया | ११७५७० |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालय रुपौलिया | १३६४६५ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री नेपाल राष्ट्रिय माध्यमिक विधालय पटेर्वा | ३९७८७२ |
| २०८१/०१/२० | ६८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | श्री राम चरित्र माध्यमिक विधालय जयनगर | ८६४३०९ |
| जम्मा | | | | ३९९३९९४ |
| व्यक्तिगत | | | | |
| २०८१/०३/०६ | १०२ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | सोनालाल पटेल | १००००० |
| २०८१/०३/०६ | १०२ | किसान सूचीकरण कार्यक्रम | सोनालाल पटेल | २४९००० |
| जम्मा | | | | ३४९००० |
| कुल जम्मा | | | | ११५८२९०१ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।